# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : (२०७९/०६/३० गते)

१. यस कार्यालयको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको E –bid मार्फत बोलपत्र आह्वान गरिन्छ।

२. सुचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई विद्युतिय संचारको माध्यमवाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई बोलपत्र फाराम Download गरि E –biding द्वारा बोलपत्र दाखिला गर्नुपर्नेछ।

३. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत बोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नाममा प्रभु वैक भगवतीमाई शाखामा रहेको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ धरौटी वापतको रकम जम्मा गरेको बैङ्क भौचर Scan copy समेत बोलपत्र साथ पेश गरी E –biding द्वारा दर्ता गर्नु पर्नेछ। थप जानकारीको लागी आवश्यक भएमा कार्यालय समयमा यस कार्यालयको पुर्वाधार शाखामा सम्पर्क राख्न सकिनेछ। बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको प्रभु वैकको शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग १.१ १५१०१०९३२८८०००९१ मा जम्मा गरेको बैङ्क भौचरको Scan copy समेत वोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा सम्झौता म्याद समाप्त हुने मितिले १३ महिना (३९० दिन) म्याद भएको कार्य सम्पादन बैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

४. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० वजे भित्र E –biding द्वारा बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

५. दर्ता भएको बोलपत्र ३१ औं दिनको २.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. वोलपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

७. संयूक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढीमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम बनाई वोलपत्र खरिद वा दाखिला गर्न सकिने छ। तर यस्तो संयूक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन।

८. वोलपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ।

९. E- Biddding मार्फत बोलपत्र पेश गर्ने वोलपत्रदाताहरुको कार्यालयबाट बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कलप्रति (HARD COPY) माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ।

१०. वोलपत्र पेश गर्ने निर्माण व्यवसायीले लेटर अफ विड अनिवार्य रुपमा भर्नु पर्ने छ र आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ। अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम( भ्याट र कन्टीन्जेन्सी बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BRM/RCW/NCB/04/079/080 | जुम्लाकाफल-थुवाँ-वडालेक-कचाली सडक स्तरोन्नती (Part-2) वडा नं. ०५ | ८५,३५,३९९.७१ | ३,००० | २,३०,००० |

प्रमुख प्रशासकीय अधिकृत

भरतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

